आज मिति २०८३ जेठ ११ गते सोमबारका दिन नीलकण्ठ नगर-कार्यपालिकाको वैठक नगर प्रमुख श्री भीमप्रसाद ढुंगानाज्यूको अध्यक्षतामा देहायका पदाधिकारीहरुको उपस्थितिमा बसी निम्न प्रस्तावहरुमा छलफल तथा निर्णय गरियो।

## उपस्थिति

१ नगर प्रमुख श्री भीमप्रसाद ढुंगाना

२. नगर उप-प्रमुख श्री दिपक विश्वकर्मा

३. नि.प्रमुख प्रशासकीय अधिकृत श्री विष्णु प्रसाद रिजाल

४. वडा अध्यक्ष श्री गणेश वहादुर गुरुङ

५. वडा अध्यक्ष श्री ध्वज वहादुर गुरुङ

६. वडा अध्यक्ष श्री राजकुमार श्रेष्ठ

७. वडा अध्यक्ष श्री हरि वहादुर श्रेष्ठ

८. वडा अध्यक्ष श्री राम वहादुर श्रेष्ठ

९. वडा अध्यक्ष श्री भुपेन्द्र कुमार श्रेष्ठ

१०. वडा अध्यक्ष श्री प्रकाशकुमार श्रेष्ठ

११. वडा अध्यक्ष श्री राजन वराइली

१२. वडा अध्यक्ष श्री सरोज पाण्डे

१३. वडा अध्यक्ष श्री राम वहादुर श्रेष्ठ

१४. वडा अध्यक्ष श्री धर्मराज भण्डारी

१५. वडा अध्यक्ष श्री सोम वहादुर गुरुङ

१६. वडा अध्यक्ष श्री नमराज दुवाडी

१७. कार्यपालिका सदस्य श्री चिनामाया श्रेष्ठ

१८. कार्यपालिका सदस्य श्री राम्री नेपाली

१९. कार्यपालिका सदस्य श्री छनुमाया गुरुङ

२०. कार्यपालिका सदस्य श्री शान्ता थापा

२१. कार्यपालिका सदस्य श्री विशाल रोक्का

२२. कार्यपालिका सदस्य श्री लक्ष्मण रस्तेल

२३. कार्यपालिका सदस्य श्री मञ्जु थापामगर

२४. का.वा.अध्यक्ष श्री राजन अधिकारी वडा नं.७

२५. का.वा. अध्यक्ष श्री शुनिल थापा मगर वडा नं.९

२६. का.वा.अध्यक्ष श्री सन्तोष थापा वडा नं ३

अन्य आमन्त्रित उपस्थिति

मितिः २०८३।०२।११ गते

**वैठकमा छलफलका विषयहरुः**

१. नगर सभाको मिति तय गर्ने सम्वन्धमा।

२. नगर सभामा उपस्थित हुने पदाधिकारीहरु/कर्मचारीहरु लगायत अन्य उपस्थितिको सुविधाका सम्वन्धमा।

३. आगामी योजनाका लागि सुझाव संकलन तथा अन्तरक्रिया कार्यक्रमका सम्वन्धमा।

४. नगरपालिकाको आ.व.२०८२/०८३ को सार्वजनिक सुनुवाई आयोजना गर्ने सम्वन्धमा।

५. योजना तथा कार्यक्रमहरु संशोधन गर्ने सम्वन्धमा।

६. कुशल पोल्ट्रि फार्म प्रा.लि. को जग्गा खरिदका लागि राजश्व छुटको सिफारिस सम्वन्धमा।

७. महिला सशक्तिकरण कार्ययोजना एवम् तालिम श्रोत पुस्तिका तयार गर्ने सम्वन्धमा।

८. शाखागत योजना तथा कार्यक्रमका लागि वजेट सिलिङ्ग निर्धारण गर्ने सम्वन्धमा।

९. वडागत सिलिङ्ग निर्धारण गर्ने सम्वन्धमा।

१०. अन्य विविध विषयहरुका सम्वन्धमा।

स्थानीय सरकार

नीलकण्ठ नगरपालिका

# नगर कार्यपालिकाको बैठक

मिति: २०८३।०२।११ गते

## निर्णयहरु:

१. नगर सभाको मिति तय गर्ने सम्वन्धमा:,

यस नगरपालिकाको आर्थिक वर्ष २०८३/०८४ मा कार्यान्वयन हुने नीति, कार्यक्रम तथा बजेटका सम्वन्धमा १९ औं नगर अधिवेशन मिति २०८३ असार ०४ विहिवारका दिनवाट सुरु गर्ने निर्णय गरियो। नगर अधिवेशनको पूर्व तयारीका लागि सम्वन्धित वडाहरुले वजेट निर्माण/तर्जुमाका सवै प्रक्रिया पूरा गर्ने र सम्वन्धित विषयगत समितिहरुले समते वजेट तर्जुमा गर्दा प्रचलित कानूनको अधिनमा रही यथासम्भव जनमैत्री हुने गरी योजना तथा कार्यक्रमहरु छनौट गरी नगर कार्यपालिकाको कार्यालयमा पेश गर्ने निर्णय गरियो। साथै अधिवेशनमा खर्च किफायती शैलिमा सञ्चालन गर्न नगरपालिकाको आफ्नै सिटि हलमा आयोजना गर्ने निर्णय गरियो।

२. नगर सभामा उपस्थित हुने पदाधिकारीहरु/कर्मचारीहरु लगायत अन्य उपस्थितिको सुविधाका सम्वन्धमा:,

निर्णय नं.१ वमोजिम अधिवेशनमा उपस्थित हुने सभा सदस्यहरु एवम् अन्य आमन्त्रित सहभागीहरुलाई नगर सभा चलेको दिनको नियमानुसारको वैठक भत्ता र आते-जाते खर्च (यातायात) वापत रु १०००।- (अक्षेरुपी रु एक हजार) उपलब्ध गराई सहभागीहरुको अन्य कुनै पनि खर्च नव्यहोर्ने निर्णय गरियो।

३. आगामी योजना तथा कार्यक्रमहरुका लागि सुझाव संकलन तथा अन्तरक्रिया कार्यक्रमका सम्वन्धम:,

यस नगरपालिकालाई नागरिकमैत्री नगरपालिकाका रुपमा स्थापित गर्न आगामी नगर सभा हुनुपूर्व सम्पूर्ण सरोकारवाला संघ/संस्था एवम् नगरवासीहरुसँग सुझाव संकलन कार्यक्रम मिति २०८३ असार १ गते सोमवारका दिन आयोजना गर्ने निर्णय गरियो। साथै उक्त कार्यक्रममा चालु आ.व. २०८२/०८३ को नीति, कार्यक्रम तथा वजेटका सम्वन्धमा मिति २०८२ जेष्ठ मसान्तसम्मको प्रगति विवरण सहित वार्षिक समिक्षा समेत गर्ने निर्णय गरियो।

४. नगरपालिकाको आ.व.२०८२/०८३ को सार्वजनिकस सुनुवाई आयोजना गर्ने सम्वन्धमा:

नीलकण्ठ नगरपालिकाको १७ औं नगर अधिवेशनवाट स्वीकृत नीति, कार्यक्रम र वजेट, १८ औं नगर अधिवेशनको समिक्षा एवम् संशोधित योजना तथा कार्यक्रमहरु लगायतका विविध विषयहरु नगरपालिकाले आम नगरवासीहरुलाई उपलब्ध गराउदै आएको सेवा सुविधाका सम्वन्धमा आम नगरवासीहरुको जिज्ञासा, सवाल, जानकारी लगायतका स्थानीय सरकारवाट आम नगरवासीको हैसियतमा लिन पाउने सेवासुविधाका सम्वन्धमा जानकारी प्रदान गर्न, नगरवासीहरु प्रति उत्तरदायित्व वन्न, नगरपालिकावाट सम्पादन भएका कार्यहरुको औचित्य पुष्टि गर्न एवम् आम नगरवासीहरु प्रति जवाफदेहिता वन्न मिति २०८३ साल जेष्ठ २२ गते शुक्रवार दिनको २:०० वजे सिटि हलमा सार्वजनिक सुनुवाई कार्यक्रम आयोजना गर्ने निर्णय गरियो। साथै यसका लागि सम्वन्धित सवै सरोकारवाला निकायहरुमा पत्राचार तथा सूचना सम्प्रेषण गर्ने निर्णय गरियो।

५. योजना तथा कार्यक्रमहरु संशोधन गर्ने सम्वन्धमा:

यस नगरपालिका अन्तर्गत आ.व. २०८२/०८३ मा कार्यान्वयन हुने नगर सभावाट विनियोजित भएका तपसिल बमोजिमका योजना तथा कार्यक्रमहरु आवश्यक संशोधन गरी कार्यान्वयन गर्ने र अनुमोदनका लागि यस पछि वस्ने नगर सभामा पेश गर्ने निर्णय गरियो।

तपसिल

तालिका नं.१

| स.न | भएको योजनाको नाम | रकम | हुनुपर्ने नाम | रकम | कैफियत |
|---|---|---|---|---|---|
| १. | मसाटार सडक ग्रावेल, नी.न.पा.८ | २००००० | १. मसाटार सडक स्तरोउन्नती, नी.न.पा.८ | २००००० | नी.न.पा.८, वडाको प.स.२०८२/०८३ च.नं.१३६७ मिति २०८३/०१/२२ गतेको पत्रानुसार |
| २. | आकस्मिक मर्मत संभार, नी.न.पा.६ | ७००००० | १. भैरवी मा.वि. सेमिनार हल निर्माण, नी.न.पा.६ | २००००० | नी.न.पा.६, वडा समितिको मिति२०८३/०२/७ गतेको निर्णयानुसार |
| ३. | १. कार्यालय व्यवस्थापन तथा विविध खर्च, नी.न.पा.१ (विनियोजन २ लाख मध्ये १ लाख साँस्कृतिक कार्यक्रममा) | २००००० | १. तमु ल्होसार तथा विविध सांस्कृतिक कार्यक्रम सञ्चालन (गोरु जुधाई) | १५०००० | नी.न.पा.१, वडाको प.स.२०८२/०८३ च.नं.३७८ मिति २०८३/०१/३१ गतेको पत्रानुसार |
| | २. वडा स्तरीय खेलकुद कार्यक्रम | ५०००० | | | |
| ४ | १. ढाडखर्क जामुने सुन्दर वस्ति सडक स्तरोउन्नती, नी.न.पा.४ | ५००००० | १. जलविरे जयन्तीडाँडा सुन्दरवस्ती सडक स्तरोउन्नती | ५००००० | नी.न.पा.४, वडाको प.स.२०८२/०८३ च.नं.१८१५ मिति २०८३/०२/११ गतेको पत्रानुसार |
| | २. खर्क सिढि ढलान, नी.न.पा.४ | १५०००० | २. पारिगाउँ सिढि ढलान | १५०००० | |

| | | | | | |
|---|---|---|---|---|---|
| | ३. दलित तथा अपाङ्गता स्वास्थ्य विमा (५०प्रतिशत) छुट कार्यक्रम, नी.न.पा.४ | १५०००० | ३. लक्षित महिलाहरुको लागि गलैचा वन्ने तालिम | १५०००० | |
| ५ | गुठ ग्राउण्ड घेरावार निर्माण र पखेरा वस्ती संरक्षण नी.न.पा.१४ | ६००००० | १. गुठ ग्राउण्ड घेरावार निर्माण | ३००००० | नी.न.पा.१४, वडाको प.स.२०८२/०८३ च.नं.१४०६ मिति २०८३/०२/०१ गतेको पत्रानुसार |
| | | | २. पखेरा वस्ती संरक्षण | ३००००० | |
| ६ | दलित महिला आदिवासी जनजाती जेष्ट नागरिक वालवालिका अपांङ्गता खेलकुदवाट रु ४० हजार रकमान्तर | २३०००० | ओलिडाँडा वसाह मेस डाँडा जलदेवी सडक स्तरोउन्नती | १४००००० | नी.न.पा.२, वडाको प.स.२०८२/०८३ च.नं.१८५७ मिति २०८३/०२/०२ गतेको पत्रानुसार |
| | खानेपानी पाइप खरिद | १००००० | | | |
| ७ | सल्लाधारी मन्दिर निर्माण भैरुङ टोल र माने सडक निर्माण | ४००००० | माने सडक निर्माण | २००००० | नी.न.पा.१४, वडाको प.स.२०८२/०८३ च.नं.१४२० मिति २०८३/०२/०४ गतेको पत्रानुसार |
| | | | भैरुङ टोल क्रियापुत्री ट्रस्ट निर्माण | २००००० | |
| ८ | आचार्य गाउँ सिग्देल टोल देखी माथिल्लो टोल सिढि निर्माढ | १००००० | रामडाँडा सिढि तथा सडक ढलान, नी.न.पा.१३ | १००००० | नी.न.पा.१३, वडाको प.स.२०८२/०८३ च.नं.६८६ मिति २०८३/०१/०४ गतेको पत्रानुसार |
| ९ | दामगाडे नयाँ वस्ती सडक निर्माण | ३००००० | जमुनेचौर सडक निर्माण नी.न.पा.१२ | ६००००० | नी.न.पा.१२, वडाको प.स.२०८२/०८३ च.नं.१२२२ मिति २०८३/०१/०३ गतेको पत्रानुसार |
| | जमुने पचघरे सडक निर्माण | ३००००० | | | |
| १० | धिमे वाजा प्रवर्द्धन कार्यक्रम नी.न.पा.८ (रातो किताव अन्तर्गत लक्ष्ति वर्ग) | १००००० | आधारभुत कम्प्यूटर तालिम कार्यक्रम नी.न.पा ८ | १००००० | नी.न.पा.८, वडाको प.स.२०८२/०८३ च.नं.१२०९ मिति २०८२/१२/२२ गतेको पत्रानुसार |
| ११ | महिलाको लागि महिला जनप्रतिनिधि परियोजना अन्तर्गत साविकको ७ वटा वडाहरुमा महिलाहरुको लागि आयआर्जन कार्यक्रम | ७००००० | १. आमा समुह सवलिकरण कार्यक्रम | ४००००० | |
| | | | २. महिला सशक्तिकरण कार्ययोजना | ३००००० | |

६. कुशल पोल्टी फार्म प्रा.लि. को जग्गा खरिदका लागि राजश्व छुटको सिफारिस सम्वन्धमा:,

नीलकाण्ठ नगरपालिकाका वडा नं.१४ को प.स.२०८२/०८३ चलानी नं. १४२५ मिति २०८३/०२/०५ गतेको सिफारिस अनुसार ऐ.ऐ स्थानमो स्थापना भएको कुशल पोल्टी फार्म प्रा.लि. लाई प्रदेश आर्थिक ऐन,२०८१ को दफा २ सँग सम्वन्धित अनुसूची-१ को (घ) ५ मा स्वदेशी लगानीका सूर्ती, गुड्खा, र मदिराजन्य उद्योग वाहेकका उत्पादनमूलक उद्योगले उद्योग स्थापना तथा सञ्चालन गर्ने उद्योगको नाममा खरिद गर्ने जग्गाको लिखित पारित गर्दा लाग्ने रजिष्ट्रेशन शुल्कमा पचास प्रतिशत छुट पाउने व्यवस्था भएको हुदाँ कुशल पोल्टी फार्म प्रा.लि.ले प्रदेश ऐनले तोकेको (सूर्ती, गुड्खा, र मदिराजन्य उद्योग वाहेकको) उद्योग स्थापनाका लागि जग्गा खरिद प्रक्रियामा रहेको हुदाँ उक्त जग्गा खरिद गर्दा लाग्ने वा जग्गाको लिखित पारित गर्दा लाग्ने रजिष्ट्रेशन शुल्कमा प्रदेश आर्थिक ऐन वमोजिमको छुटको व्यवस्था मिलाइदिन सम्वन्धित पक्षलाई सिफारिस गर्ने निर्णय गरियो।

७. महिला सशक्तिकरण कार्ययोजना एवम् तालिम श्रोत पुस्तिका तयार गर्ने समवन्धमा:,

चालु आ.व.२०८२/०८३ मा कार्यान्वयन हुने गरी महिलाको लागि महिला जनप्रतिनिधि परियोजना अन्तर्गत साविकको ७ वटा वडाहरुमा महिलाहरुको लागि आयआर्जन कार्यक्रम अन्तर्गत विनियोजित रकम मध्येवाट रु ३०००००।- (अक्षरुपी तीन लाख) विनियोजन गरी "महिला सशक्तिकरण कार्ययोजना" एवम् तालिम श्रोत पुस्तिका तयार गर्ने निर्णय गरियो।

८. शाखागत योजना तथा कार्यक्रमका लागि वजेट सिलिङ्ग निर्धारणका सम्वन्धमा:,

यस नगरपालिकाको आगामी आ.व. २०८३/०८४ को बार्षीक योजना, कार्यक्रम तथा वजेटका सम्वन्धमा शाखागत योजना तथा कार्यक्रमका लागि देहाय वमोजिम हुने गरी स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ को उपदफा (१) वमोजिम गठित स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिको वैठकवाट प्रास देहाय वमोजिमको वजेट सिलिङ्ग उपर छलफल गरी आगामी वैठकमा पेश गर्ने निर्णय गरियो।

तपसिल

तालिका नं. १

| सि.न | वजेट सिलिङको विवरण | | रकम रु |
|---|---|---|---|
| १ | आर्थिक विकास तर्फ | | ८३४०००० |
| | १.१ | सहकारी | २५०००० |
| | १.२ | कृषि विकास तर्फ | १६५०००० |
| | १.३ | पशु विकास शाखा तर्फ | १७४०००० |
| | १.४ | संस्कृति तथा पर्यटन पूर्वाधार | ३३००००० |
| | १.५ | उद्यम विकास तर्फ | ८००००० |
| | १.६ | उद्योग वाणिज्य तर्फ | ६००००० |
| २ | सामाजिक विकास तर्फ | | १२४३०३५०० |
| | २.१ | महिला वालवालिका तथा समावेशिकरण | ४८००००० |
| | २.२ | शिक्षा तर्फ | ८०३००००० |
| | २.३ | संचार क्षेत्र प्रवर्द्धन कार्यक्रम | ५००००० |
| | २.४ | स्वास्थ्य सेवा | २९६०३५०० |
| | २.५ | अन्य सामाजिक सहायता तर्फ | ४२००००० |
| | २.६ | आयुर्वेद तर्फ | ६००००० |
| | २.७ | युवा तथा खेलकुद | ४३००००० |

| | | | |
|---|---|---|---|
| | **पुर्वाधार विकास तर्फ** | | **११५४५५०००** |
| ३ | ३.१ | सशर्त समपुरक | ८००००००० |
| | ३.२ | ग्राउण्ड क्रमागत | २५००००० |
| | ३.३ | नगर करिडोर निर्माण | ३०००००० |
| | ३.४ | नगर चक्रपथ निर्माण | ३०००००० |
| | ३.५ | सूचना प्रविधि | ६३००००० |
| | ३.६ | राष्ट्रिय रोजगार कार्यक्रमको तर्फको वजेटमा सत प्रतिशत साझेदारी रकमका लागि रकम व्यवस्थापन गर्ने | ४५५००० |
| | ३.७ | अन्य सार्वजनिक निर्माण (साझेदारी सहित) | १९०००००० |
| | ३.८. | प्रशासनीक भवन निर्माण क्रमागत | १२००००० |
| ४ | वन, वातावरण तथा विपद् व्यवस्थापन | | ४५२०००० |
| ५ | संस्थागत विकास तथा सेवा प्रवाह | | ४२००००० |
| ६ | न्यायिक समिति | | १४००००० |
| ७ | अनिवार्य दायित्व सिर्जना | | ६५८२६९८८ |
| ८ | दायित्व सिर्जना | | ९१७९४७१४ |
| ९ | नगर विकास कोप तर्फ | | २५००००० |
| १० | नगर विकास कोष सावा र व्याज भुक्तानी | | २२००००० |
| ११ | प्रशासनीक चालु | | १८६७००००० |
| १२ | वडागत चालु तथा पूँजिगत खर्च | | ९४०००००० |
| १३ | विविध कार्यक्रम | | २५६००००० |
| १४ | भेटनरी स्वयमसेवक पारिश्रमिक | | १९५०००० |
| १५ | रोजगार प्रवर्द्धन कार्याक्रम (सामी) | | १३३७०५४ |
| | **विभिन्न शिर्षक तर्फ कुल जम्मा रु** | | **४८२०२८७५६** |
| | **सर्सत तर्फ** | | |
| १८ | १८.१ | संघ सशर्त अनुदान चालु | ४८४१००००० |
| | १८.२. | संघ सशर्त अनुदान पूजिगत | ४५००००० |
| | १८.३. | संघ समपुरक अनुदान | २५९००००० |
| | १८.४. | संघ विशेष अनुदान | १५०००००० |
| | १८.५. | प्रदेश सशर्त चालु अनुदान | १२१२३००० |
| | १८.६. | प्रदेश सशर्त पूजिगत अनुदान | ७२००००० |
| | १८.७. | प्रदेश समपुरक अनुदान | २६४००००० |
| | १८.८. | प्रदेश विशेष अनुदान | ७०००००० |
| | | जम्मा रु | **५८२२२३०००** |
| | | **कुल जम्मा रु** | **१३१२३५०२५६** |

९. वडागत सिलिङ्ग निर्धारण गर्ने सम्वन्धमाः,

यस नगरपालिकाको आगामी आ.व. २०८३/०८४ को वार्षीक योजना, कार्यक्रम तथा वजेटमा प्रशासनिक तथा मर्मत सम्भार गरी देहायको शीर्षकहरुमा १४ वटै वडाहरुलाई चालु तथा पूँजीगत तर्फ रु ६५ लाख हुने गरी वजेट सीमा निर्धारण गर्ने निर्णय गरियो। साथै वडागत वजेट तयार गर्दा योजना तथा कार्यक्रम निर्माणका सवै प्रक्रिया पुरा गरी मिति २०८३ जेष्ठ २५ गतेसम्म नगरकार्यपालिकाको कार्यालयमा पेश गर्ने निर्णय गरियो।

तपसिल

क. पूर्वाधार निर्माण तर्फ रु ३५ लाख

ख.साना तथा टुक्रे योजना तर्फ रु १० लाख

ग. आकस्मिक सडक मर्मत तर्फ अधिकतम रु ७ लाख

घ. लक्षित वर्ग तर्फ अधिकतम रु ५ लाख

ङ. प्रशासनीक चालु खर्च तर्फ अधिकतम रु ८ लाख

१०. अन्य विविध विषयहरुका सम्वन्धमाः,

क. धादिङ जिल्ला भलिवल संघको प.स.२०८२/०८३, च.नं. ०४ मिति २०८३/०२/११ गतेको प्राप्त पत्र उपर छलफल गर्दा शारिरिक, मानसिक, सामाजिक र संवेगात्मक रुपमा स्वस्थ्य वनाइ कुलत एवम् सामाजिक विकृतिदेखी टाढा राखी खेलको माध्यमवाट छात्रा खेलकुदको विकास, प्रतिभा पहिचान, महिला सशक्तिकरण गरी प्रोत्साहन गर्ने उद्देश्यको साथ धादिङ जिल्ला भलिवल संघद्वारा तेस्रो वागमती प्रदेश स्तरीय राष्ट्रपति रनिङ सिल्ड प्रतियोगितामा धादिङ जिल्लाको प्रतिनिधित्व गर्ने छात्रा भलिवल टोलीको वन्द प्रशिक्षणमा राखी उत्कृष्ठ प्रदर्शनका लागि खेलाडिहरुको नियमित प्रशिक्षण, वसोवास, खानपान तथा खेल सामाग्रीहरुको व्यवस्थापनका लागि नगरपालिकाको चालु आ.व.२०८२/०८३ मा स्वीकृत वजेट शीर्षक अन्तर्गत विविध खर्च शीर्षकवाट खर्च लेख्ने गरी रु ६०,०००।- (अक्षरुपी साठ्ठी हजार मात्र) विनियोजन गरी आवश्यक कागजातका आधारमा भुक्तानी दिने निर्णय गरियो। साथै नीलकण्ठ नगरपालिका शिक्षा, युवा तथा खेलकुद शाखाले आवश्यक समन्वय र सहजीकरण गर्ने र धादिङ जिल्ला भलिवल संघको नियमानुसारको

आवश्यक कागजात लगायतका भुक्तानीका लागि आवश्यक पर्ने नियमानुसारको कागजात रुजु गरी पेश गर्ने व्यवस्था शिक्षा, युवा तथा खेलकुद शाखाले व्यवस्था मिलाउने निर्णय गरियो।

ख. नीलकण्ठ नगरपालिकाको भगिनि सम्वन्ध कायम भएको गोरखा नगरपालिकाद्वारा मिति २०८३/०१/०३ देखी मिति २०८३/०१/०५ सम्म सञ्चालन भएको द्वितिय अन्तरपालिका उप-प्रमुख भलिवल कप-२०८२ कार्यक्रम आयोजना गरी नीलकण्ठ नगरपालिकालाईसमेत सहभागीताका लागि पत्राचार गरेकोमा यस नगरपालिकावाट उक्त प्रतियोगितामा सहभागी भै प्रथम स्थान हासिल गरेकोमा सम्पूर्ण खेलाडि वहिनीहरुलाई तथा व्यवस्थापन टिमलाई हार्दिक वधाई व्यक्त गर्ने निर्णय गरियो। साथै उक्त कार्यक्रममा सहभागीहरु लिइ जानआउन तथा आवासीय व्यवस्थापन लगायतका विविध शीर्षममा भएको खर्च रु १,९४,७६५।- (अक्षेरुपी एक लाख चौरानब्वे हजार सात सय पैसठ्ठी रुपैया) खर्च भएको प्रतिवेदनवाट देखिएको हुँदा सो लागेको खर्च चालु आ.व.२०८२/०८३ को विविध खर्च शीर्षकवाट खर्च लेखी शिक्षा यूवा तथा खेलकुद शाखामा कार्यरत स्रोत व्यक्ति मेघनाथ कोइरालाको पेश्की फर्छ्यौट गरी अपुग रकम रु ९४,७६५।- (अक्षेरुपी चौरानब्वे हजार सात सय पैसठ्ठी रुपैया) नियमानुसारको कर कट्ट गरी शोधभर्ना दिने निर्णय गरियो।

ग. नेपाल तामाङ्ग घेदुङ को प.स.२०८२/०८३ चलानी नं.२१ मिति २०८३/०१/२० गतेको पत्रानुसार तामाङ समुदायको नया वर्ष २७६२ औं सोनाम ल्होछार पर्व आयोजना गरी विविध धार्मिक तथा सास्कृतिक कार्यक्रम गरी सम्पन्न भएको र नगरपालिकासमक्ष आवश्यक कागजात सहित आर्थिक सहयोग माग मएकोमा यस नगरपालिकाको चालु आ.व.२०८२/०८३ मा कार्यान्वयन हुने गरी स्वीकृत वजेट शिर्षक विविध खर्च शीर्षकवाट खर्च लेख्ने गरी रु १००००० (अक्षेरुपी एक लाख) विनियोजन गरी आवश्यक कागजातका आधारमा भुक्तानी दिने निर्णय गरियो। साथै नेपाल तामाङ घेदुङको नियमानुसारको आवश्यक कागजात लगायतका भुक्तानीका लागि आवश्यक पर्ने